बैठक संख्याः ११८औं

आज मिति २०८०/१२/०७ गते बुधबार बेलुका ५.१५ बजे जिल्ला समन्वय समिति काठमाडौंका प्रमुख श्री सन्तोष बुढाथोकीज्यूको अध्यक्षतामा बसेको जिल्ला समन्वय समितिको बैठकमा देहाय बमोजिमको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरीयो।

उपस्थितिः

प्रमुखः श्री सन्तोष बुढाथोकी, जि.स.स.काठमाडौं

उप-प्रमुखः श्री शान्ति पाण्डे, जि.स.स.काठमाडौं

सदस्यः श्री राजकुमार बिडारी, जि.स.स.काठमाडौं

सदस्यः श्री सपना परियार, जि.स.स.काठमाडौं

सदस्यः श्री सुदिप घिमिरे, जि.स.स.काठमाडौं

सदस्यः श्री नरेन्द्र श्रेष्ठ, जि.स.स.काठमाडौं

सदस्यः श्री यशोदा कार्की, जि.स.स.काठमाडौं

सदस्यः श्री शोभा मगर, जि.स.स.काठमाडौं

सदस्यः श्री सुन्तली बाइबा, जि.स.स.काठमाडौं

सदस्य सचिवः जि.स.अ. श्री शिवप्रसाद रिजाल, जि.स.स.काठमाडौं

सहयोगी

ईन्जिनियरः श्री कृपा देवकोटा, जि.स.स.काठमाडौं

अधिकृतः श्री शिवनारायण शाह, जि.स.स.काठमाडौं

लेखापालः श्री नारदमणी घिमिरे, जि.स.स.काठमाडौं

नायब सुब्बाः श्री बद्री अधिकारी, जि.स.स.काठमाडौं

नि.स.नायब सुब्बाः श्री प्रद्युम्न के.सी., जि.स.स.काठमाडौं

खरिदारः श्री नारायण ब.खत्री, जि.स.स.काठमाडौं

## निर्णयहरु

निर्णय नं. १ : यस जिल्ला समन्वय समितिको कार्यालय रहेको भवनमा जिल्ला समन्वय प्रेस स्थापनार्थ स्वीकृत प्राविधिक लागत अनुमानको आधारमा जि.स.स. मौज्दात कोषबाट अधिकत्तम रु.१० लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : बलम्बु विकास केन्द्रको जग्गा भाडा सम्झौता नवीकरण गरी पाउँ भनि यस कार्यालयसँग भएको सम्झौता-पत्रको छायाँप्रति, यातायात व्यवस्था कार्यालय (स.चा.अ.प.) ठूलो भर्याङ्ग सँग गरेको सम्झौताको छायाँप्रति, आ.व. २०७९/८० राजश्व व्यवस्थापन सूचना प्रणालीमा कर दाखिला भएको निस्सा र आ.व. २०८०/८१ राजश्व व्यवस्थापन सूचना प्रणालीमा कर दाखिला भएको निस्साको छायाँप्रति समेत संलग्न राखी चन्द्रागिरी नगरपालिका वडा नं.५ बस्ने व्यवसायी राजेश घिमिरेले जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंका जिल्ला समन्वय अधिकारीज्यूलाई सम्वोधन गरी मिति २०८०/१०/२८ मा पेश गर्नुभएको निवेदन दर्ता नं.७६ मिति २०८०/१०/२८ मा दर्ता भईआएको सम्वन्धमा जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंको नाममा चन्द्रागिरी नगरपालिका बलम्बु स्थित बलम्बु विकास केन्द्रमा रहेको पूर्व उत्तरतर्फको खाली जग्गा मध्ये १५ रोपनी जग्गामा स्थायी संरचना बनाउन नपाउने गरी (सिलवन्दी दरभाउपत्र/वोलपत्र आह्वान मार्फत) अधिकतम ७ वर्षसम्मको लागि प्रत्येक २/२ वर्षमा भाडा रकममा १० प्रतिशतका दरले वृद्धि हुने गरी कर सहित वार्षिक रकम रु.२५,००,००० (अक्षरेपी पच्चिस लाख) रुपैयाँमा भाडामा दिने कार्यका लागि यस कार्यालयको मिति २०७३/१०/१९ को निर्णयानुसार मिति २०७४ वैशाख १ गतेदेखि भाडा रकम कायम हुने गरी मिति २०७३/१२/०९ मा सम्झौता भएको तथा उक्त सम्झौताको बुँदा नं.५ मा सम्झौताको अवधि सम्झौता शुरु भएको मितिले ७ (सात) वर्षसम्म कायम हुने, त्यस पश्चात दुवै पक्षको आपसी सहमतिमा सम्झौता नविकरण हुन सक्ने प्रावधान उल्लेख भएको सन्दर्भमा उल्लेखित १५ रोपनी जग्गा (कूल क्षेत्रफल ८२१४० व.फि.) को भाडा प्रयोजनका लागि हाल वार्षिक कूल मूल्याङ्कित कर सहित रु.५८,०८,००० (अन्ठाउन्न लाख आठ हजार) रकम हुने भनि यस कार्यालयका ईन्जिनियर कृपा देवकोटाबाट मिति २०८०/११/०९ मा पेश भई जिल्ला समन्वय अधिकारीज्यूबाट स्वीकृत जग्गा भाडा मूल्याङ्कन बमोजिम जग्गा भाडा सम्झौता नवीकरण प्रयोजनका लागि वार्षिक रु.५८,०८,००० (अन्ठाउन्न लाख आठ हजार) कर सहित रकममा उल्लेखित व्यवसायी राजेश घिमिरेसँग ७ (सात) वर्षको लागि जग्गा भाडा सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : यस जिल्ला समन्वय समितिको कार्यालय रहेको भवनमा Basement को पानी चुहावटको उपयुक्त व्यवस्थापन गर्न स्वीकृत प्राविधिक लागत अनुमानको आधारमा जि.स.स. मौज्दात कोषबाट धिकत्तम रु.१० लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।